गोसाईकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रु, रसुवा

बागमती प्रदेश, नेपाल

मिति : २०७६/१२/०६

## अत्यन्त जरुरी सूचना

गोसाईकुण्ड गाउँपालिकाका अध्यक्ष श्री कैसाङ नुर्पु तामाङज्यूको अध्यक्षतामा मिति २०७६/१२/०५ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID - 19 को रोकथाम र नियन्त्रणमा उच्च सतर्कता अपनाई आवश्यक तयारी गर्ने सम्बन्धमा गाउँपालिकाबाट यस अघि रसुवागढी नाकामा रहेको हेल्थ डेस्कलाई थप व्यवस्थित गरी साधन सम्पन्न गराउन, संक्रमणको शंका लागेको व्यक्तिलाई तुरुन्त सुरक्षित रुपमा रसुवा अस्पतालसम्म पुऱ्याउने, मित्रराष्ट्र चीनसँगको नाकासँग जोडिएका बस्तीहरु लगायतका मुख्य मुख्य स्थानहरुमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी स्थानीय जनताहरुलाई थप सतर्क गराउने, Mask, Hand Sanitizer, Forhead Thermometer, Gown वितरण गर्ने, विभिन्न जानकारीमूलक सूचनाहरु प्रशारण गर्ने लगायत गाउँपालिकाबाट भएका कार्यहरुको सम्बन्धमा समीक्षा गर्दै जिल्ला प्रशासन कार्यालय धुन्चेबाट उक्त भाइरस नियन्त्रण र रोकथामको पूर्व तयारीको लागि गर्नुपर्ने गतिविधिहरुको सम्बन्धमा माग भएको प्रगतिको विवरणहरु समेतमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु भएकोले सम्बन्धित सबैको जानकारी तथा कार्यान्वयनको लागि अनुरोध छ ।

१ गोसाईकुण्ड गाउँपालिकाको वडा नं. २ स्थित रसुवागढी नाकाबाट रसुवाबासी लगायतका व्यक्तिहरु चीनको केरुङ तर्फ आवतजावत गर्ने क्रम बढिरहेको जानकारी प्राप्त भएको विषयमा गोसाइकुण्ड गाउँपालिकाको ध्यानाकर्षण भएको छ । रसुवागढी नाकामा नेपाल तर्फको हेल्थ डेस्कका लागि निर्माणधिन भवनको निर्माण कार्य सम्पन्न भइ नसकेको, हेल्थ डेस्कलाई थप आधुनिक सुविधायुक्त बनाउने प्रक्रिया अगाडि बढिरहेको जानकारी गराउँदै उक्त भाइरसको संक्रमण भए नभएको भरपर्दो किसिमको चेकजाँच प्रक्रिया पुरा नगरी नेपाल तर्फबाट चीन तर्फ आवतजावत गर्ने गतिविधीहरु तत्काल रोक्नु पर्ने ।

२ स्वासप्रश्वासमा समस्या भएमा, १००.४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आएमा, छाति दुखेमा, लगातार सुख्खा खोकी लागेमा, टाउको दुखेमा र यी सबै लक्षणहरु एकैचोटी देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नु पर्ने ।

३ खोक्दा, हाच्छिउँ गर्दा नाकमुख छोप्ने र जंगली तथा घरपालुवा जनावरहरुको सम्पर्कबाट टाढा रहनु पर्ने ।

४ माछा, मासु, अण्डा र भिजेका सागसब्जी राम्रो सँग पकाएर मात्र खाने ।

५ अत्यावश्यक काम बाहेक आवतजावत नगर्ने, साँस्कृतिक, सामाजिक र त्यस्तै कार्यहरुमा गुम्बा, मठमन्दिर, चर्च, मस्जित जस्ता धार्मिक र पार्टी प्यालेस, आमा समूह, सहकारी जस्ता सामाजिक संस्थाहरुमा २५ जना भन्दा बढी मानिसहरु भेला नहुने ।

६ यात्रुवाहक सवारी साधनहरुमा सवारी साधन चलाउनु अघि सवारी धनीले Disinfecting गर्ने ।

७ सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरु लगायतका जनसम्पर्क हुने सरकारी तथा गैर सरकारी निकायहरुको सरसफाइलाई उच्च प्राथमिकता दिने ।

८ सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित सबै प्रकारका बाल विकास केन्द्रहरु, आधारभूत तथा माध्यामिक विद्यालयहरुको पठनपाठन चैत्र मसान्त सम्म बन्द गर्नुपर्ने ।

९ होटल, रिसोर्ट, लज, रेष्टुरेन्ट संचालकहरुले ज्वरो नापन गर्ने उपकरण तथा सामाग्रीहरुको व्यवस्था गरी उक्त स्थानहरुमा प्रवेश गर्ने व्यक्तिहरुको स्वास्थ्य जाँचको व्यवस्था गर्ने ।

१० हात सफा गर्ने साबुन, Sanitizer लगायत सफाईका सामाग्रीहरुको प्रबन्ध गरी कार्यस्थल, शौचालय आदि स्थानहरु र टेबल, कुर्सी, बार तथा रेलिङमा नियमित रुपमा सरसफाइ गर्ने ।

११ गाउँपालिकाको वडा नं. ५ को स्याफ्रुवेशी स्थित इलाका प्रहरी कार्यालय नजिकै रहेको ३ कोठे प्रिफेव भवनलाई तत्कालको लागि आवश्यक सामग्री सहित क्वारेन्टाइनको रुपमा प्रयोग गर्ने गरी सुरक्षित राख्ने ।

१२ गाउँपालिकाको वडा नं. ५ को स्याफ्रुवेशी स्थित प्रहरी चौकीको चेकपोष्ट र वडा नं. ६ को धुन्चे स्थित प्रहरी चेकपोष्टमा आवश्यक जनशक्ति, साधन स्रोत, जानकारीमूलक सूचना भएको फ्लेक्स बोर्ड सहितको हेल्थ डेस्क स्थापना गर्ने ।

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत